# ज्येष्ठ नागरिक परिचय पत्र निर्देशिका २०७६

१. परिचय :

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग ग
निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि

गर्न साथै राज्यद्धारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसुचि – ८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक परिचय – पत्र वितरण निर्देशिका २०७६, जारी गरिएको छ ।

२. परिचय पत्र वितरणका आधार :

नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय पत्र वितरणका आधार हुनेछन् ।

३. उद्देश्य :

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानिय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकहरुको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

४. लक्षित वर्ग :

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

५. ज्येष्ठ नागरिकहरुको वर्गीकरण :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागुरिकहरुको वर्गीकरण देहायबमोजिम गरिएको छ :

क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,
ख)सत्तरी वर्ष उमेर पूरा गरेको  वरिष्ठ ज्येष्ठ नागरिक,
ग)असहाय ज्येष्ठ नागरिक,
घ)  अशक्त ज्येष्ठ नागरिक,

६. परिचय पत्र वितरणका मापदण्ड

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकहरुलाई मात्र ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्न सकिनेछ ।

७. ज्येष्ठ नागरिक परिचय – पत्रको ढाँचा

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसुचि ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा यस निर्देशिकाको अनुसुचि १ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय पत्रको आकार(size) नेपाली नागरिकताको प्रमाण पत्रको आकार बराबरको हुनेछ ।

८. परिचय पत्र वितरण प्रक्रिया

क) ज्येष्ठ नागरिक परिचय – पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानिय तहका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।
ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकको प्रमाण - पत्रको प्रतिलिपी र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण पत्रलाई आधार मानिनेछ ।
ग) ज्येष्ठ नागरिक परिचय – पत्र प्रदान गर्ने अधिकारी स्थानिय तहको प्रमुख प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ ।
घ) परिचय पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्यूटराइज गरी  गा.पा. को कार्यलयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।
ङ) ज्येष्ठ नागरिक परिचय – पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिश सहित सम्बन्धित स्थानिय तहमा निवेदन पेस गनुपर्ने छ ।

९) विविध:

क) ज्येष्ठ नागरिक परिचय - पत्र वितरणका लागि सम्बन्धित स्थानिय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

ख)) ज्येष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्थाबाहेक प्रचलित कानुनको अधिनमा रही प्रमुख प्रशासकिय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसुचि १

## ज्येष्ठ नागरिक परिचय - पत्रको ढाँचा

### ज्येष्ठ नागरिक परिचय - पत्र

प.प.नं. :-

फोटो

नाम थर :............................
ना.प्र.नं. ......................
ठेगाना : जिल्ला............... गा.पा.
वडा नं. ............. टोल/ गाँऊ..........
उमेर............. लिङ्ग.........
उपलब्ध छुट तथा सुविधाहरु :.......................
पति / पत्निको नाम : ...............
हेरचाह केन्द्र बसेको भए साको विवरण : .................
संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं.
.........................................................................................
रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम
.................................................................................

प्रमाणित गर्ने अधिकृतको:
दस्तखत:
नाम थर :
पद: कार्यालय :